आज मिति २०८१ साल कात्तिक २६ गते भीरकोट नगरपालिकाका नगर प्रमुख श्री गोविन्द कुमार कर्माचार्यज्यूको अध्यक्षतामा बसेको १२२ औं नगर कार्यपालिका बैठकको उपस्थिति निम्नानुसार छ ।

<u>उपस्थिती</u>

| नामथर | पद | दस्तखत |
|---|---|---|
| श्री गोविन्द कुमार कर्माचार्य | नगर प्रमुख | |
| श्री भगवती रेग्मी अर्याल | नगर उपप्रमुख | |
| श्री दिपेन्द्र के.सी. | वडा अध्यक्ष वडा नं. १ | |
| श्री श्यामकाजी अधिकारी | वडा अध्यक्ष वडा नं. २ | |
| श्री केशर बहादुर खड्का | वडा अध्यक्ष वडा नं. ३ | |
| श्री रत्न प्रकाश श्रेष्ठ | वडा अध्यक्ष वडा नं. ४ | |
| श्री कृष्ण बहादुर थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| श्री लक्ष्मण खत्री क्षेत्री | वडा अध्यक्ष वडा नं. ६ | |
| श्री तारा प्रसाद अर्याल | वडा अध्यक्ष वडा नं. ७ | |
| श्री नन्दलाल खनाल | वडा अध्यक्ष वडा नं. ८ | |
| श्री चित्र बहादुर राना भुजेल | कार्यपालिका सदस्य | |
| श्री गंगा बहादुर जि. टी. | कार्यपलिका सदस्य | |
| श्री विष्णु माझी | कार्यपलिका सदस्य | |
| श्री बिन्दु खड्का | कार्यपलिका सदस्य | |
| श्री एकमाया घर्ती थापा | कार्यपलिका सदस्य | |
| श्री पार्वती के.सी. | कार्यपलिका संदस्य | |
| श्री ओम कुमारी कोइराला | कार्यपलिका सदस्य | |
| श्री खैसरा वि.क. | कार्यपलिका सदस्य | |
| श्री विष्णुप्रसाद कोइराला | नि. प्रमुख प्रशासकीय अधिकृत | |

# १२२ औ कार्यपालिका बैठकका कार्यसूचीहरु

१. चालु आर्थिक वर्ष २०८१/८२ को वजेट संशोधन सम्वन्धमा ।

२. चालु आर्थिक वर्षमा सडक बोर्ड नेपालबाट संचालन हुने योजना सम्वन्धमा ।

३. चालु आर्थिक वर्षको दोस्रो नगर सभाको मिति तय गर्ने सम्वन्धमा ।

४. चालु आर्थिक वर्षका योजना संचालन सम्वन्धमा ।

५. विविध ।

# १२२ औ कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं १

चालू आर्थिक वर्ष २०८१/८२ मा सडक बोर्ड नेपालबाट प्राप्त बजेट बाट तपसिलमा उल्लिखित योजना तथा कार्यक्रमहरुमा निम्नानुसारको रकम विनियोजन गरी योजना संचालन गर्ने ।

| क्र.स | योजनाको नाम | ठेगाना | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| १. | जगतपुर, केघा, बानेथोक सडक स्तरोन्नती | भीरकोट नगरपालिका- १,२,३ | २२ लाख ५० हजार | |
| २. | ढापुक फेदी-पर्वत सडक स्तरोन्नती | भीरकोट नगरपालिका- ८ | ३० लाख ३६ हजार | |
| ३. | बयरघारी - वसेक डाडाँकोट सडक स्तरोन्नी | भीरकोट नगरपालिका- २ | १० लाख | |

निर्णय नं २

भीरकोट नगरपालिकाको आर्थिक वर्ष २०८१/८२ को दोस्रो नगरसभा २०८१ साल मंसिर ५ गते बस्ने ।

निर्णय नं ३

चालू आर्थिक वर्ष २०८१/८२ को लागि स्वीकृत भएका योजनाहरुको प्राथमिकता निर्धारिण गरी कार्यसंचालन गर्ने ।

निर्णय नं ४

महालेखा परिक्षकको कार्यालयबाट आ.व.२०८०/०८१ को लेखा श्रेस्ताको लेखापरीक्षण गर्दा देहाय बमोजिमका वेरुजुहरु औल्याएकोले म.ले.प.को कार्यालयबाट संपरीक्षण हुने गरी लेखा समिति मार्फत नियमितका लागि पेश भएका तपसिल बमोजिमका वेरुजुहरु नियमित गर्न लेखा समितिबाट सिफारिस भई आएकोले उक्त वेरुजुहरुलाई कार्यपालिकाबाट स्वीकृत गरी नियमित गर्नका लागि नगरसभामा पेश गर्ने।

क) महालेखा परीक्षकको कार्यालयबाट आ.व. २०८०/०८१ को यस नगरपालिकाको अन्तिम लेखा परिक्षण प्रतिवेदनको दफा २६ मा यस नगरपालिका अन्तर्गतको सुन्दर बजार मोहनडाँडा सडक निर्माणको भेरियशन आदेश जारी गरि भुक्तानी भएको रु.८,५०,८५१।- अनियमित भएको भनि वेरुजु औल्याईएकोमा उक्त खर्चका सम्बन्धमा नगरपालिकाले उक्त सडक निर्माणमा छुट भएको आईटमको भेरियशन गरि उक्त रकम भुक्तानी भएको हो यसबाट सरकारी रकमको दुरुपयोग तथा हानी-नोक्सानी समेत नभएकोले उक्त रकम नियमितको लागि नगर सभामा पेश गर्ने निर्णय गरीयो ।

ख) महालेखा परीक्षकको कार्यालयबाट आ.व. २०८०/०८१ को यस नगरपालिकाको अन्तिम लेखा परिक्षण प्रतिवेदनको दफा ३५ मा ग्रिजि स्कृनिङ्ग भाइब्रेटिङ्ग मेशिन प्लान्ट संचालनका लागी ढुङ्गा, गिट्टी संकलन गर्न टिप्पर भाडामा लिइ संचालन गरेको र मुल्याङ्कन बेगर भुक्तानी

गरी भुक्तानी भएको रु.२४,१७,११६।– अनियमित भएको भनि वेरुजु औल्याईएकोमा उक्त खर्चहरु का सम्वन्धमा नगरपालिकाले उक्त ग्रिजि भाइब्रेटिङ्ग मेसिनमा ढुङ्गा गिट्टी संकलनमा टिप्पर भाडामा लिई उक्त टिप्परहरुले गरेको कामको घण्टा प्रमाणित गरि सोहि अनुरुप भुक्तानी भएकोले यसबाट कुनै सरकारी हानीनोक्सानी तथा भ्रष्टाचार जन्य कार्य नभएकोले उक्त रकम नियमितको लागि नगर सभामा पेश गर्ने निर्णय गरीयो ।

ग) महालेखा परीक्षकको कार्यालयबाट आ.व. २०८०/०८१ को यस नगरपालिकाको अन्तिम लेखा परिक्षण प्रतिवेदनको दफा ५८ मा यस नगरपालिकाले विभिन्न शिर्षकमा विनियोजन गरे भन्दा फरक शिर्षक तथा कार्यक्रममा खर्च गरी भुक्तानी भएको रु.१,२०,१७०।- अनियमित भएको भनि वेरुजु औल्याईएकोमा उक्त खर्चहरु नगरपालिकामा नियमित खर्च स्रोत अभावको कारणले सापटि खर्चको रुपमा खर्च जनाइ पछि स्रोतमा रकम प्राप्त भएपछि सोधभर्ना जनाइ हिसाव मिलान भएकोले यसबाट कुनै सरकारी हानि नोक्सानी र मस्यौट नभएकोले उक्त वेरुजु रकम पेश गर्ने निर्णय गरीयो ।

घ) महालेखा परीक्षकको कार्यालयबाट आ.व. २०८०/०८१ को नगरपालिकाको अन्तिम लेखा परिक्षण प्रतिवेदनको दफा ५९ मा नगरपालिका अन्तर्गतका विद्यालयमा सशर्त अनुदान शिर्षकबाट भुक्तानी भएको रु.३,८८,८००।- अनियमित भएको भनि वेरुजु औल्याईएकोमा कक्षा ६ मा अध्ययनरत छात्र छात्राहरुलाई आन्तरिक स्रोतबाट दिवा खाजा उपलब्ध गराउने गरी कार्यपालिकाको वैठकमा निर्णय भए अनुसार खर्च लेख्ने समयसम्म आन्तरिक स्रोतमा अनुमान गरिए अनुसारको आम्दानी नभई उक्त शिर्षकबाट खर्च लेख्न नसकि पछि सोध भर्ना हुनेगरी ससर्तको बजेटबाट खर्च लेखिएकोमा पछि सम्म पनि आन्तरिक शिर्षकबाट सोधभर्ना गर्न नसकिएकोले उक्त रकम सशर्त अनुदानबाटै भुक्तानी भएको हो । यसबाट कुनै सरकारी हानी-नोक्शानी तथा मस्यौट तथा भ्रष्टाचार जन्य कार्य नभएकोले उक्त वेरुजु रकम नियमितको लागि नगर सभामा पेश गर्ने निर्णय गरीयो ।

ङ) महालेखा परीक्षकको कार्यालयबाट आ.व. २०८०/०८१ को यस नगरपालिकाको अन्तिम लेखा परिक्षण प्रतिवेदनको दफा ६० मा प्रारम्भिक बालविकास शिक्षकको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान बापत श्री देउराली भञ्याङ आधारभुत विद्यालयका कर्मचारीहरुलाई दोस्रो त्रैमासिक निकासा दिँदा कार्यक्रम कार्यान्वयन पुस्तिका विपरित भुक्तानी भई रु.३६,०००।- अनियमित भएको भनि वेरुजु औल्याईएकोमा उक्त पारिश्रमिक भुक्तानी नगरपालिकाको अनुदान बापत हुनुपर्नेमा शशर्त अनुदान बाट भएको हो र यसबाट सरकारी हानि नोक्सानि र भष्ट्रचार जन्य कार्य नभएकोले उक्त बेरुजु रकम नियमितको लागि नगर सभामा पेश गर्ने निर्णय गरीयो।

च) महालेखा परीक्षकको कार्यालयबाट आ.व. २०८०/०८१ को यस नगरपालिकाको अन्तिम लेखा परिक्षण प्रतिवेदनको दफा ६५ मा नगरपालिकाले विभिन्न पत्रपत्रिका तथा भित्तेपात्रो समेतमा पालिकाको तर्फबाट नव वर्ष तथा विजयदशमी तथा दिपावलीको अवसरमा शुभकामना प्रकाशित गर्नुका साथै विद्यालयमा वितरण गर्नको लागि शैक्षिक क्यालेण्डर समेत प्रकाशन गरी भुक्तानी गरेको रु.९,८५,४१३।- अनियमित भएको भनि वेरुजु औल्याईएकोमा उक्त रकम

भुक्तानी शुभकामना र भित्तेपात्रो छपाईको मात्र नभई कार्यालयको बिडिङको सुचना, बिड स्वीकृत आशयको सुचना लगायतको खर्च पनि भुक्तानी भएको हो यो भुक्तानी कार्यबाट सरकारी हानि नोक्सानी र मस्यौट नभएकोले उक्त बेरुजु रकम नियमितको लागि नगर सभामा पेश गर्ने निर्णय गरीयो ।

निर्णय नं ५

भीरकोट नगरपालिका क्षेत्रको आँधिखोला तटबन्धनको कार्य गर्दा निर्माण कम्पनि (ठेकेदार) संग गण्डकी प्रदेश सरकारले निर्धारण गरेको न्यूनतम् राजश्व लिई आँधिखोलाका ढुङ्गा प्रयोग गर्न दिने।

निर्णय नं ६

मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामिलाई औषधि उपचार खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ अनुसार भीरकोट नगरपालिकामा स्थायी बसोबास भएका गरिवीको परिचय पत्र प्राप्त नगरेका ब्यक्तिहरुलाई समेत वडा कार्यालयको विपन्नताको सिफारिसका आधारमा लाभग्राही कायम गरी नेपाल सरकारले औषधी उपचारबापत उपलब्ध गराउने मासिक रकम रु. ५००० सम्बन्धित बिरामीलाई उपलब्ध गराउने ।

निर्णय नं ७

भीरकोट नगरपालिकाबाट संकलित पुनः प्रयोगमा आउने कवाडी सामानहरु नगरसभाबाट स्वीकृत दररेटमा नघट्नेगरी बिक्री गर्ने ।

निर्णय नं ८

भीरकोट नगरपालिकाको दोस्रो आवधिक योजना (२०८१-२०८५) निर्माण गर्नको लागि बजेट व्यवस्थापन गरी निर्माण प्रकृया अगाडी बढाउने ।

निर्णय नं ९

भीरकोट नगरपालिकामा साझेदारी कार्यक्रम संचालनको लागि बजेट व्यवस्थापन गरी कार्यक्रम संचालन गर्ने ।

निर्णय नं १०

चालू आर्थिक वर्ष २०८१/८२ मा संघीय विशेष अनुदान शिर्षकमा एकीकृत कृषि विकास कार्यक्रम अन्तर्गत विनियोजित रकम रु. ६५००००० आर्थिक विकास समितिबाट सिफारिस भई आएकोले देहाय बमोजिमका योजना तथा कार्यक्रमहरुमा निम्नानुसारको बजेट विनियोजन गरी कार्यक्रम संचालन गर्न स्वीकृत गर्ने ।

| क्र.स. | कार्यक्रम शिर्षक | विनियोजित वजेट रु. | कैफियत |
|---|---|---|---|
| १. | खायन आलु उत्पादन कार्यक्रम | १८००००० | |
| २. | वर्षे फलफुलको विरुवा वितरण कार्यक्रम | ५००००० | |
| ३. | मिनि टिलर खरिद | ९००००० | |
| ४. | मौसमी/बेमौसमी तरकारीका विरुवा उत्पादन कार्यक्रम | १००००० | |
| ५. | सिंचाई कुलो निर्माण | ७००००० | |
| ६. | पशु स्वास्थ्य सिविर संचालन र औषधी वितरण | ५००००० | |
| ७. | व्यवसायिक कृषकलाई प्रोत्साहन अनुदान | ४५०००० | |
| ८. | उत्कृष्ट कृषक/ कृषक समुह पुरस्कृत कार्यक्रम | १५०००० | |
| ९. | हर्ड स्वास्थ्य कार्यक्रम | १००००० | |
| १०. | घाँसको विउ वितरण कार्यक्रम | १५०००० | |
| ११. | पशु स्वास्थ्य सम्वन्धी तालिम | २००००० | |
| १२. | दुध ढुवानी अनुदान | ७५०००० | |
| १३. | सूचना प्रकाशन, प्रचार प्रसार विज्ञापन तथा अनुगमन मूल्याङ्कन | २००००० | |
| १४. | कुल जम्मा | ६५००००० | |

निर्णय नं ११

भीरकोट नगरपालिका वडा नं २ बस्ने देव वहादुर गुरुङको श्रीमति नर माया गरुङलाई रु. ३० हजार आर्थिक सहायता उपलब्ध गराउने ।

निर्णय नं १२

२०८१/४/६ मा बसेको कार्यपालिका बैठकको निर्णय नं ५ मा भएको निर्णयलाई आगामी नगरसभामा शिर्षकान्तरको लागि पेश गर्ने ।

निर्णय नं. १३

भीरकोट नगरपालिका क्षेत्र भएर बहने आँधिखोलामा नदीजन्य पदार्थको विक्रि शुल्क संकलनको लागि मिति २०८१/०६/२३ मा (प्रथम पटक) विद्युतिय बोलपत्र आह्वान गरिएकोमा आन्तरिक आय ठेक्का नं. BM/THKMHB/NCB/08/081-82 को मात्र ठेक्का परेको र BM/CTPJCSBBS/MCB/02/081-82 (छाङ्छाङ्दी तल्लो पुल बगर देखि झारखाम चौरको समिको बोटसम्मको ठेक्का नपरेको हुँदा उक्त क्षेत्रको नदीजन्य पदार्थको विक्रि शुल्क संकलनको लागि दोस्रो पटक बोलपत्र आह्वान गर्ने ।

तपसिलः

| क्र.सं. | स्थानको नाम | न्युनतम कवोल अंक(मु.अ. कर सहित) |
| --- | --- | --- |
| १. | छाङ्छाङ्दी तल्लो पुल बगर देखि झारखाम चौरको समीको बोटसम्म | १०१२३१५९.६२ |

निर्णय नं. १४

भीरकोट नगरपालिका वडा नं. ४ स्थित भीरकोट पार्क परिसरमा विगत आर्थिक बर्षहरुमा निर्माण भएको Fountain लाई Swimming Pool मा परिणत गर्दा पार्कको शौन्दर्यीकरण बढ्नुका साथै आन्तरिक आम्दानीमा समेत वृद्धि हुने भएकोले उक्त Fountain मा केही संरचना थप गरि Swimming Pool निर्माण गर्ने ।